आज मिति २०७३ साल जेष्ठ ३२ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द

## निर्णय :

**निर्णय नं. १:** चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ बस्ने भगवती श्रेष्ठ कर्माचार्य समेत निवेदक र रत्ननगर नगरपालिकाका कार्यकारी अधिकृत श्री काशी राम गैरे समेत प्रतिवादी भएको निषेधाज्ञा मुद्दामा कार्यकारी अधिकृत श्री काशी राम गैरेको तर्फबाट चितवन जिल्ला अदालतमा लिखित जवाफ पेश गर्न न. पा. को तर्फबाट नगरपालिका कार्यालयमा कार्यरत रत्ननगर न. पा. वडा नं. ११ निवासी वर्ष ४० का ख. श्री लिलानाथ अर्याललाई अख्तियारी दिई प्रतिनिधी तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:** नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति, चितवनको माग वमोजिम न. पा. को आ. व. २०७२।०७३ को पत्रकारहरुको क्षमता विकास कार्यक्रम शिर्षकबाट व्यय हुने गरी रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस न. पा. को पदपूर्ति समितिका अध्यक्ष श्री तारा प्रसाद भट्टराई ज्यूको पदावधि २०७३ आषाढ मसान्तमा समाप्त हुने भएकाले २०७३ श्रावण १ बाट लागुहुने गरी पुनः एक कार्यकाल (पाँच वर्ष) का लागि नगर परिषदबाट अनुमोदन गर्ने गरी मनोनयन गर्ने निर्णय गरियो ।